नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ | अंक २१० | २०७६ साल चैत १० गते सोमबार (23 Mar. 2020 Monday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मानिसको शरीरभन्दा बाहिर कति ... ३ पृष्ठमा : कोरोना कहर : चैत ६ पछि ... ३ पृष्ठमा :रोेम्नोबाट १३ हजारको ..

## भारतसँग जोडिएका सीमा नाका बन्द !

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत।**

संसारभर त्रास फैलाएको कोरोना भाईरसबाट भारतको विहार राज्यमा आईतबार एक व्यक्तिको मृत्यु भएपछि सप्तरीको सिमावर्ती क्षेत्रका सम्पूर्ण नाकाहरु बन्द गरिएको छ।

हाल सप्तरीको भारतीय सिमासँग जोडिएको ७ स्थानमा हेल्थडेस्क संचालनमा छ। भारतमा संक्रमितको संख्या बढ्दै गएपछि आइतबार ७ मध्ये पाँच वटा नाका बन्द गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत जनार्धन कट्ेलले सोमबारदेखी खुलेका दुई नाकाहरु समेत बन्द गर्न आवश्यक पहल गरिने जानकारी दिएका छन्।

आईतबार विहानैदेखि भारतीय संचार माध्यमहरुले विहार राज्यको पटना स्थित एम्स अस्पतालमा कोरोना भाईरसबाट संक्रमित ३८ बर्षिय एक युवकको उपचारको कममा मृत्यु भएको विहार सरकारबाट पुष्टी गरेपछि कोरोना सम्भावित संकमणको विषयलाई लिएर सिमाबर्ती क्षेत्रका बासीन्दासहित सप्तरीका स्थानियहरु समेत थप चिन्तामा परेका छन्।

यता सरकारले कोरोना भाईरसको संकमण फैलिन नदिन अत्यावश्यक बाहेक सवै सेवा चैत्र २१ सम्मका लागि बन्द गर्ने निर्णय गरेपछि सप्तरीका प्रमुख बजारहरुमा चहल पहल निकै घटेको छ।

यस्तै कार्यालय बन्द रहेको थाहा नपाएका कतिपय ग्रामिण क्षेत्रबाट आईतबार सदरमुकाम राजविराज आईपुगेको सर्वसाधारण कार्यालय बन्द रहेको देखेपछि निराश भई आ-आफनो घर फर्केका थिए।

कोरोना भाईरस सम्बन्धी प्रतिकार्य योजना तयार पार्न प्रमुख जिल्ला अधिकारी सुनिल खनाल प्रहरी उपरिक्षक कृष्ण प्रसाई, शसस्त्र प्रहरी उपरिक्षक उद्धव बहादुर न्यौपाने, भिम दलगणका प्रमुख सेनानी गुप्त बहादुर कुवर, गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. चुमन लाल दास, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियलाल यादव तथा विभिन्न स्थानिय तहका प्रमुख दैनिक बैठक गरी आवश्यक र रणनिति बनाउन व्यस्त देखिएका छन्।

शंकास्पद विरामी आएमा उपचारका लागि तत्काल गजेन्द्र नारायण सिंह अस्पतालमा १० बेड क्षमताको आईसोलेसन कक्ष तयार गरि सकिएको छ भने साई कृष्णा शिक्षण अस्पताल, युनिक अस्पताल र छिन्नमस्ता अस्पताल एण्ड मेडिकल कलेजमा गरी थप ३ स्थानमा कोरोना व्यवस्थापन अस्थायी अस्पतला संचालन गर्ने कार्यलाई तिब्र बनाएको छ।

## सबै होटल, रिसोट, मोटेल, मदिरा पसल र रेष्टुरेन्ट बन्द गर्ने निर्णय

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत।**

कोरोना भाइरसको संक्रमणाई रोकथाम तथा पूर्व तयारीका सम्बन्धमा जिल्ला सुरक्षा समितिसहितको सर्वदलिय र सर्वपक्षिय बैठकले सप्तरी जिल्लामा संचालित सबै प्रकारको होटल, रिसोट, मोटेल, मदिरा पसल र रेष्टुरेन्ट तत्कालका लागि बन्द गर्ने निर्णय गरेको छ।

आइतबार जिल्ला सुरक्षा समितिका प्रमुख समेत रहेका प्रमुख जिल्ला अधिकारी सुनिल खनालको अध्यक्षतामा जिल्ला सुरक्षा समितिसहितको सर्वदलिय र सर्वपक्षिय बैठकले सो निर्णय गर्दै यस्तै अत्यावश्यक बस्तु बिक्रि बितरण गर्ने पसल, व्यापार, प्रतिष्ठान बाहेकका अन्य पसलहरु बन्द गर्न आग्रह समेत गरेको छ।

कसैले त्यस्ता पसल संचालनमा ल्याउन चाहे अनिवार्य रुपमा हात धुने सेनिटाइजर र थर्मल गनसहितको स्वास्थ्यकर्मीबाट परिक्षणको व्यवस्था गर्नुपर्ने निर्णय समेत गरिएको छ। बैठकले अत्यावश्यक काम बाहेक घरबाहिर ननिस्कन, भेला, सभा, सम्मेलन, भोजभतेरको आयोजना नगर्न तथा विभिन्न स्थानिय तहमा लाग्ने हाटबजार फराकिलो स्थानमा सार्न र नियमित सरसफाईको व्यवस्था मिलाउने लगायतको चार बुँदे निर्णय गरिएको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरुः**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## बिरगञ्जका व्यापारीमा कोरोना संक्रमण नेगेटिभ

**दैनिक समाचारदाता**
**बिरगञ्ज, ९ चैत।**

वीरगञ्जका उद्योगी शिवकुमार रुगटा कोरोना संक्रमित भएको भन्ने कुराको जिल्ला प्रशासन कार्यालय पर्साले खण्डन गरेको छ।

जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी विष्णु कुमार कार्कीले सो कुराको खण्डन गर्दै भारतको पटनास्थित पटना मेडिकल कलेजमा उनको उपचार भइरहेको तथा हालसम्म उनी कोराना संक्रमित नभएको जानकारी दिएका छन्।

वीरगञ्ज आदर्शनगर निवासी ६७ बर्षिय शिवकुमार रुगटालाई कोरोना भाईरस संक्रमण पाइएको भन्दै संघीय सासंद प्रदिप यादवले आफ्नो फेसबुक वालमा पोष्ट गरेपछि विभिन्न संचारमाध्यमले सोही श्रोतलाई उद्धृत गर्दै सामाचार सम्प्रेसन गरेका थिए।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | PRABHU Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit Quick & Easy | CITY EXPRESS | IME pay wallet | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## कोभिड-१९ को रोकथाम र जोखिम न्यूनीकरणका लागि प्रभावकारी समाचार प्रवाह गर्न निर्देशन

काठमाडौँ, ९ चैत (रासस)।

सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले कोभिड-१९ को रोकथाम र जोखिम न्यूनीकरणका लागि सार्वजनिक सञ्चारमाध्यम र सञ्चार सेवा प्रदायक संस्थालाई थप प्रभावकारी सूचना प्रवाह गर्न निर्देशन दिनुभएको छ। सञ्चार मन्त्रालयमा ती निकायका प्रमुखसँगको आइतबारको छलफलमा मन्त्री डा खतिवडाले कोभिड-१९सङ्क्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समिति र सरकारका निर्णयसम्बन्धी समाचार व्यवस्थित र प्रभावकारीरुपमा सम्प्रेषित भएमा जनताले सही सूचना पाउने र कुनै त्रासको वातावरण नहुने बताउनुभयो।

विशेष परिस्थितिमा छिनछिनमा निर्णय र ताजा सूचना सम्प्रेषण गर्नुपर्ने भएकाले आफ्ना उपकरण र साधनलाई तन्दुरुस्त राखी जनशक्तिलाई सक्रियताका साथ परिचालन गरी जनतालाई सूचना प्रवाहमा कुनै कमी हुन नदिन उहाँले निर्देशन दिनुभयो।

उहाँले ती निकायको कामसँग सम्बन्धित कुनै निर्णय गर्नुपर्ने भएमा आफूले उच्चस्तरीय समन्वय समितिमा प्रस्ताव लाने अवगत गराउनुभयो। सरकारका प्रवक्ता डा खतिवडाले भन्नुभयो, "सामाजिक सञ्जालको दुरुपयोग गरी नभएको समस्यालाई देखाएर वातावरण त्रसित तुल्याउन खोज्नेलाई कानूनी कारवाहीको दायरामा ल्याउने काम भइरहेको छ। हाम्रा सार्वजनिक सञ्चारमाध्यम र सबै सञ्चारमाध्यमले समयमा सही सूचना दिएमा अफवाह फैलाउने निरुत्साहित हुनेछन्।"

उहाँले शिक्षालय बिदा नभएकाले बालबालिका र विद्यार्थीलाई घरमा बसेर इन्टरनेटबाट पढ्नुपर्ने भएकाले त्यसको सहज प्रबन्धका लागि पनि सम्बन्धित निकायलाई ध्यानाकर्षण गरानुभयो। अर्थमन्त्री डा खतिवडाले विषयविज्ञको छनोट सही ज्ञान र सूचना दिने सामाजिक जिम्मेवारी बोकेकालाई गर्नुपर्छ भन्दै भएको विषयवस्तुलाई बढाइचढाई वा अनावश्यक अनुमान गरेर आतङ्कित पार्ने काम विज्ञको हुन नहुनेमा जोड दिनुभयो।

छलफलमा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यमका प्रमुख, सञ्चार सेवा प्रदायक संस्था र सञ्चार क्षेत्रको नियमनकारी निकायका प्रमुखले हाल कोभिड-१९ रोकथाम र नियन्त्रणका सन्दर्भमा सरकारी निर्णय र त्यसको कार्यान्वयनमा आफ्ना संस्थाबाट भइरहेका पहलबारे जानकारी दिनुभएको थियो।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# मानिसको शरीरभन्दा बाहिर कति समयसम्म बाँच्छ कोरोना भाइरस ?

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत।**

विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) बारे अझै पनि धेरै रहस्य खुल्न बाँकी छ।

तर, यो भाइरस मानिसको शरीरभन्दा बाहिर पनि जीवित रहन सक्छ भन्ने पुष्टि भइसकेको छ। त्यसैले मानिसहरुले मास्क लगाउने, ढोका खोल्दा कुहिनाले खोल्ने, प्रोटेक्टिभ कपडा लगाउने र संक्रामक रोगलाई रोक्न स्प्रे छर्किने गर्न थालेका छन्।

श्वासप्रश्वास सम्बन्धी धेरै भाइरस जस्तै कोभिड-१९ पनि साना थोपाको माध्यमबाट स्वस्थ मानिसमा सर्छ। मानिसले खोक्दा वा हाच्छ्यूँ गर्दा यस्ता धेरै थोपाहरु नाक र मुखबाट बाहिर निस्किन्छन्। एकपटक मानिसले खोक्दा त्यस्ता तीन हजार थोपा निस्किन्छन्। यस किसिमका साना थोपाहरु अर्को मानिसका साथै कपडा र अन्य सतहमा पनि बस्न सक्छन्। तर केही साना जीवाणुहरु हावामै रहन सक्छन्।

साथै दिसा पिसाबको माध्यमबाट पनि भाइरसका जीवाणु सर्न सक्छन्। त्यसैले शौचालय गएपछि अनिवार्य रुपमा हात धुने बानी बसाल्नुपर्छ।

अमेरिकाको रोग नियन्त्रण तथा रोकथाम केन्द्र (सीडीसी)का अनुसार कुनै सतहमा छोएर आफ्नो अनुहारमा हात लैजानु भाइरस सर्ने प्रमुख तरिका भने होइन। तर पनि सीडीसी, विश्व स्वास्थ्य संगठनलगायतले नियमित हात धुने र सफाइ गर्नुका साथै दैनिक रुपमा त्यस्ता संक्रमण सर्न सक्ने सतहलाई संक्रमण फैलिन नदिने गरी स्प्रे गर्नाले भाइरसबाट बच्न सकिने बताएका छन्।

सार्स र मार्सजस्ता भाइरसहरु धातु, सीसा र प्लाष्टिकको सतहमा नौ दिनसम्म जीवित रहन सक्ने केही अध्ययनले देखाएको छ। यस्तै कोरोना भाइरस कम तापक्रम भएको स्थानमा २८ दिनसम्म रहन सक्ने केहीले बताएका छन्। तर, मानिसको शरीरभन्दा बाहिर कति समयसम्म बस्न सक्छ भन्ने स्पष्ट भइसकेको छैन।

यसबारे अनुसन्धान भइरहेको छ। अमेरिकाको नेशनल इन्स्टिच्युट अफ हेल्थ (एनएचआई) का शोधकर्ताले गरेको एक अनुसन्धानले कोरोना भाइरस हावामा तीन घण्टा रहन सक्ने पाइएको थियो। भाइरसको जीवाणु १ देखि ५ माइक्रोमिटरको मात्र हुन्छ। यो मानिसको कपालको मोटाइभन्दा ३० गुणा सानो हो।

कागजपत्रमा यो भाइरस २४ घण्टा र प्लाष्टिक वा स्टिलको सतहमा २ देखि ३ दिनसम्म रहन सक्ने पाइएको थियो। यसबाट के कुरा थाहा हुन्छ भने कोरोना भाइरसको जीवाणु ढोकाको चुकुल, प्लाष्टिक र अन्य सतहमा पनि हुन सक्छन्। तामाको सतहमा भने करिब चार घण्टा पनि नै यो भाइरसका जीवाणु बाँच्न सक्दैनन्।

यदि ६२-७१ प्रतिशत अल्कोहल भएको संक्रमण रोक्ने स्प्रेको प्रयोग गर्ने हो भने एक मिनेटभित्रै यो भाइरसको जीवाणु मर्न सक्छन्। धेरै तापक्रम र आद्रताले पनि कोरोना भाइरसको जीवाणुलाई छिटो मार्न सक्छ। कोरोना भाइरसका जीवाणु ५६ डिग्री सेल्सियसभन्दा बढी तापक्रममा बाँच्न नसक्ने पाइएको छ। अनलाइन खबरबाट

# कोरोना भाइरसको संक्रमण रोकथाममा रेडक्रसको विशेष तयारी

काठमाडौँ, ९ चैत (रासस)।

नेपाल रेडक्रस सोसाइटीले कोभिड-१९ को सम्भावित जोखिम भएका व्यक्तिलाई घर वा सामुदायिक स्थलमा क्वारेन्टाइनमा राख्नुपर्ने अवस्था आएमा स्थानको सहयोगका साथै त्यस्ता व्यक्तिलाई सहयोग गर्ने रणनीति बनाएको जनाएको छ। रेडक्रसले आवश्यक सामग्री खरिद, स्वास्थ्य अवस्थाको अभिलेखन, पारिवारिक सम्पर्क स्थापना, कैदीबन्दीलाई सहयोग, मनोसामाजिक परामर्श तथा सहयोग जस्ता क्षेत्रमा काम गरी जीवन सहज बनाउन रेडक्रसकर्मी खटिने जनाएको हो।

उपचार गर्ने अस्पताललाई आवश्यक सहयोग व्यवस्था मिलाइने कोरोना भाइरस सङ्क्रमण भएको व्यक्ति पाइएको पुष्टि भएमा ऊसँग सोअघि सम्पर्कमा आएका व्यक्तिको पनि खोजी गरी उपचार गर्नुपर्ने अवस्थामा खोजी गर्न रेडक्रसले तालीम प्राप्त टोलीको तयारी गरिसकेको छ। प्रतिकार्यका क्रममा रेडक्रस मूल्य मान्यताका साथै बाल संरक्षण, दुर्व्यवहार, लैङ्गिक तथा यौन हिंसा रोकथामका विषयलाई विशेष ख्याल गर्न निकायलाई निर्देशन दिइएको छ। कोरोना भाइरसको सम्भावित रोकथाम र प्रतिकार्यका लागि रेडक्रसले संस्थाका ७७ वटै जिल्लामा स्वयंसेवक र कर्मचारीको सक्रियता बढाएको रेडक्रसको स्वास्थ्य विभागका निर्देशक विपुल न्यौपानेले बताउनुभयो।

यसैगरी कोरोनाका कारण हुनसक्ने जोखिम न्यूनीकरणका लागि नेपाल सरकार, रेडक्रसका अन्तरराष्ट्रिय महासङ्घ, युएनलगायतका निकायसँग आवश्यक समन्वय गरी समग्रमा त्यसबाट हुनसक्ने क्षतिको रोकथाम तथा नियन्त्रण गर्न मद्दत पुऱ्याउने गरी कार्यविधि र कार्ययोजना नै तयार गरी काम भइरहेको रेडक्रसका कार्यकारी निर्देशक उमेश ढकालले बताउनुभयो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसँग निकटमा रही सन् २०२० को जनवरीदेखि कोरोना भाइरसको प्रतिकार्य र रोकथाममा रेडक्रसले काम गर्दै आएको छ।

आपत्कालीन केन्द्र पनि सञ्चालनमा आइसकेको रेडक्रसले जनाएको छ। रेडक्रसले यस्तो विषम परिस्थितिमा फैलिने अफवाह वा भ्रम कम गराई मानसिक दबाब, पीडा, डरका साथै समुदायमा हुनसक्ने हेय भाव कम गराउन आवश्यक कार्य गरिरहेको सेडक्रसका सञ्चार विभाग निर्देशक दिव्यराज पौडेलले जानकारी दिनुभयो। शुक्रराज सरुवा रोग अस्पताल स्वास्थ्य डेस्कमा रेडक्रसका स्वयंसेवक दैनिक खटिइरहेका छन्। यसबाहेक रेडक्रस स्वयंसेवक र कर्मचारीले देश भित्रिने नाका, विमानस्थल तथा मानिसको बढी चहलपहल हुने स्थानमा स्वास्थ्य सहायता कक्षमा सहयोग गरिरहेका छन्। रक्तसञ्चार केन्द्रमा रगतको मागका लागि आउने बिरामीका आफन्तलाई पनि यस्तै सुरक्षाका उपाय अपनाइएको रेडक्रसले जनाएको छ।

**रक्तदानमा सहयोग गर्न आग्रह**

नेपाल सरकारले भिडभाड नगर्न निर्देशन गरेअनुरुप मानिसको सामूहिक भेला हुनेक्रम घट्दै गइरहेकाले रक्तदान कार्यक्रममा समेत प्रभाव पर्न गई काठमाडौँलगायत देशका सबैजसो जिल्लामा रक्तदानका कार्यक्रममा कमी आएको रक्तसञ्चार केन्द्रका निर्देशक डा मनिता राजकर्णीकारले बताउनुभयो। रगतको आपूर्तिमा कमी हुन नदिन र रगत आवश्यक पर्ने बिरामीको जीवन बचाउन पायक पर्ने रक्तसञ्चार केन्द्रमा गई रक्तदान गर्न रेडक्रसले अनुरोध गरेको छ।

निर्देशक डा. राजकर्णिकारले असहज परिस्थितिमा रक्तसञ्चार निरन्तर गर्न थप सतर्कता र तयारी गरिएको तथा सहयोगका लागि स्वास्थ्य मन्त्रालयसँग कुराकानी भइरहेको जानकारी दिनुभयो। रेडक्रसले अत्यावश्यक सेवाबाहेक अन्य सबै गतिविधि स्थगन गरेको छ। कोरोना भाइरसको प्रकोपको परिस्थिति मूल्याङ्कन गरी यही चैत तेस्रो साता हुने संस्थाको महाधिवेशनलाई २०७७ साल जेठ अन्तिम सातालाई सारिएको रेडक्रसका अध्यक्ष सञ्जीव थापाले बताउनुभयो। यसअघि चैतको २३ देखि २५ गतेदेखि काठमाडौँमा महाधिवेशन तोकिएको थियो।

# लागु औषधसहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत।**

सप्तरी प्रहरीले जिल्लाको अग्निसाईर कृष्णसावरण गाँउपालिका ६ मगरबस्ती टोलबाट तीन जना यूवकलाई आइतबार लागुऔषधसहित पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा उदयपुरका त्रियुगा नगरपालिका १२ निवासी २४ वर्षिय दिलिप प्रसाद घिमिरे, सोही स्थान वडा नं. २ निवासी २६ वर्षिय बिरेन्द्र चौधरी र २२ वर्षिय कालु चौधरी रहेका छन्।

ईलाका प्रहरी कार्यालय महुलीबाट खटिएको प्रहरी टोलीले पूर्व पश्चिम लोकमार्गमा पश्चिमबाट पूर्व तर्फ आउदै गरेको स.४प. ६३६७ नं.को मोटरसाईकलमा सवार तीन जनालाई चेकजाँच गर्ने क्रममा लागुअबैध फेला परेको जनाएको छ।

तीनै जनाको साथबाट प्रहरीले डाईजोपाम४६ पिस, ब्रुफेनोर फिङ्ग ४६ पिस र प्रोमोथा जाईम ४६ पिस गरी १ सय ३८ थान बरामद गरेको जनाएको छ।

यता प्रहरीले लागुऔषध, मोटरसाइकल र तिनै जनालाई आवश्यक कारवाहीका लागि ईलाका प्रहरी कार्यालय कंचनपुरमा राखेको जनाएको छ।

# ट्र्याक्टरको ठक्करबाट बालकको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ९ चैत।**

सिरहाको लहान नगरपालिका १५ मोहनपुरस्थित भित्री सडक खण्डमा ट्र्याक्टरको ठक्करबाट आइतबार बिहान एक बालकको मृत्यु भएको छ।

उत्तरबाट दक्षिणतर्फ आउँदै गरेको स १ त ५३०० नम्बरको ट्र्याक्टरले ठक्कर दिँदा सिरहाको सुखिपुर घर भई लहान नगरपालिका १५ मोहनपुरस्थित मामा घर बस्दै आएका सञ्जयकुमार महतोका सात वर्षीय छोरा स्वागतको मृत्यु भएको हो।

ट्र्याक्टरको ठक्करबाट गम्भीर घाइते स्वागतलाई उपचारका लागि लहानतर्फ ल्याउँदै गर्दा बाटामै मृत्यु भएको प्रहरीले जनाएको छ।

# कोरोना कहर : चैत ६ पछि झण्डै पाँच लाखले छाडे राजधानी

काठमाडौं, ९ चैत (रासस)।

सरकारले कोभिड-१९ सङ्क्रमणको जोखिम बढेपछि शैक्षिक संस्था बन्द गर्ने निर्णय गरेसँगै मुलुकको राजधानी काठमाडौं छाड्ने मानिसको सङ्ख्या ह्वात्तै बढेको छ। चैत ६ गतेदेखि आइतबार बिहानसम्म मात्रै झण्डै पाँच लाखले राजधानी छाडेका छन्। राजधानी भित्रिने क्रम भने न्यून छ।

तीन दिनको अवधिमा राजधानी आउने यात्रु एक लाख ९४ हजार रहेको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ। शुक्रबार एक लाख ३० हजारले राजधानी छाडेकामा शनिबार दुई लाख छ हजारले राजधानी छाडेका छन्। आइतबार बिहान १० बजेसम्म मात्रै ५६ हजारले छाडिसकेका छन्। सरकारले यही चैत ५ गते कोरोना भाइरसको सङ्क्रमण भित्रिन नदिन माध्यमिक शिक्षा परीक्षा (एसइई) अनिश्चितकालका लागि स्थगन गरिसकेको छ भने आवश्यक सावधानी अपनाउँदै सबै शैक्षिक संस्थासमेत बन्द गरेको थियो।

कोभिड-१९ भित्रिन नदिन उच्च सतर्कता अपनाउँदै मुलुकमा आइतबारदेखि चैत २१ गतेसम्म सार्वजनिक र निजी क्षेत्रबाट प्रदान गरिने अत्यावश्यक बाहेकका सबै सेवा पनि बन्द गरिएको छ। यस्तै चैत १० गतेदेखि लागू हुने गरी केही अवधिका लागि लामो दूरीमा चल्ने सबै यात्रुवाहक सवारी साधन बन्द गर्ने यसअघि नै निर्णय गरिसकिएको छ। यस्तै आइतबारदेखि लागू हुने गरी यही चैत १८ गतेसम्म अन्तरराष्ट्रिय हवाई यातायात सञ्चालनमा समेत सरकारले रोक लगाएको छ।

नेपालका अहिलेसम्म कोरोना भाइरसको सङ्क्रमण नभए पनि बढ्दो जोखिमका कारण शैक्षिक संस्था, अत्यावश्यक सेवाबाहेकका सेवा बन्द भएको र आर्थिक तथा पर्यटन क्षेत्र प्रभावित हुँदा राजधानी छाड्ने यात्रुको सङ्ख्यामा दिनानुदिन वृद्धि भइरहेको छ। महाशाखाका अनुसार चैतको ६ देखि ८ गतेसम्ममा ४५ हजार ६८२ गाडीमा एक लाख ९४ हजार ७२२ यात्रु भित्रिएका छन् भने राजधानीबाट ६४ हजार ७३२ गाडीमा चार लाख ४५ हजार ६१९ यात्रु बाहिरिएका छन्। महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालका अनुसार आइतबार बिहान मात्रै राजधानी छाड्ने यात्रुको सङ्ख्या ५६ हजार ६४७ छ। उक्त अवधिमा नौ हजार यात्रु राजधानी भित्रिएका महाशाखाले जनाएको छ।

त्यसअघि चैत ५ गतेको तथ्याङ्क हेर्दा राजधानीबाट बाहिरिनेभन्दा भित्रिने सङ्ख्या बढी थियो। त्यस दिन १८ हजार १८० गाडीमा ९८ हजार ९३४ यात्रु भित्रिएका र १७ हजार ४४१ गाडीमा ९५ हजार २४७ यात्रु बाहिरिएका ट्राफिक प्रहरी महाशाखाको अभिलेखमा उल्लेख छ।

कोरोना भाइरसको सङ्क्रमण भित्रिन नदिन सरकारले यसअघि नै सिनेमाहल, सांस्कृतिक केन्द्रहरु, रङ्गशाला, खेल स्थल, जिम, हेल्थ क्लब, म्युजियम, स्विमिङ पुल, मनोरञ्जन स्थल आदिलाई आगामी वैशाख १८ गतेसम्मका लागि बन्द गरिसकेको छ। अत्यावश्यक काममा बाहेक आवतजावत नगर्न, सांस्कृतिक, सामाजिक र त्यस्तै कार्यहरुमा पार्टी प्यालेस, मठमन्दिर, गुम्बा, मस्जिद, चर्चजस्ता धार्मिक र सार्वजनिक स्थलमा २५ जनाभन्दा बढी भेला नहुन पनि सरकारले रोक लगाएको छ।

बसपार्क तथा टिकट काउन्टरलगायत विभिन्न चोकमा अझै पनि मानिसको भिडभाड भने बढी देखिएको छ। यसतर्फ सावधानी अपनाउनुपर्ने आवश्यकता देखिएको छ। महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले सम्भावित भिडभाड रोक्न प्रहरी टोली थप परिचालन गरिएको जानकारी दिनुभयो। उहाँले गाडीमा बढी यात्रु चढ्न नदिने, बढी भाडा लिनेलाई कारवाही गर्ने, जबर्जस्ती चढ्न खोज्ने यात्रुलाई सम्झाउने तथा आवश्यक सावधानी अपनाउन आग्रह गर्ने गरी ट्राफिक प्रहरीले सचेतना अभियान समेत चलाएको जानकारी दिनुभयो।

सरकारले यसअघि नै भीडभाडमा नजान, सरसफाइमा ध्यान दिन, अनावश्यकरूपमा खाद्यान्नको सञ्चित नगर्न, चिकित्सकको सल्लाह लिन र आतङ्कित नहुन पनि सर्वसाधारणमा आह्वान गरिसकेको छ। द स्कुल अफ साइकोलोजी नेपालका अध्यक्ष तथा मनोविद् डा नरेन्द्रसिंह ठगुन्नाले अहिलेको जस्तो अवस्थामा मानिसमा चिन्ता हुने, आत्तिने, डराउने, तर्सने, रिस उठ्नेलगायतका लक्ष्यण आउनु स्वभाविक भएकाले त्यसतर्फ विशेष ख्याल गर्दै स्व-हेरचाहका विधि अपनाउनुपर्ने बताउनुभयो। नआत्तिइ संयम भएर स्वास्थ्यको ख्याल गर्दै आफैंले उचित सावधानी अपनाउनसमेत उहाँले सुझाव दिनुभएको छ।

# एनसेलले ल्यायो 'नाइट कल र एसएमएस प्याक'

**दैनिक समाचारदाता**

**काठमाडौं, ९ चैत।**

एनसेलका सबै प्रिपेड ग्राहकहरुका लागि सुलभ दरमा भ्वाइस तथा एसएमएस सेवा संचालनमा ल्याएको छ।

एनसेल प्राईभेट लिमिटेडले मात्र रु १० (कर सहित रु १२.७७) मा भ्वाइस र एसएमएस सेवा बन्डलिङ गरिएको आकर्षक 'नाइट कल र एसएमएस प्याक' योजना ल्याएको हो।

यो प्याक सुचारु गर्ने ग्राकहले ४८० मिनेट टक टाइम र ४८० वटा एसएमएस पाउँछन्। बिहीबार (चैत्र ६) बाट ९० दिनका लागि संचालनमा आएको यो प्याक अन्तर्गत पाईने टक टाइम र एसएमएस एनसेल नेटवर्कमा राति १० देखि बिहान ६ बजे सम्मको समयमा प्रयोग गर्न सकिन्छ र यसको समयावधि २४ घण्टाको हुन्छ।

ग्राहकले एस्ट्रिक्स १७११८ एस्ट्रिक्स ३ एस्ट्रिक्स २ ह्यास डायलगरी वा एस्ट्रिक्स१७११८ ह्यास डायलगरी तेस्रो विकल्प छानेर यो प्याक सुचारु गर्न सक्छन्। साथै अंग्रजीमा एनयु टाइपगरी १७११८ मा एसएमएस पठाई पनि यो प्याक लिन सकिन्छ। आफ्नो आवश्यकता अनुसार ग्राहकले यो प्याक जति पटक पनि खरिद गर्न सक्नेछन्।

यस प्याक अन्तर्गत उपलब्ध हुने टक टाइम र एसएमएस खपत गरी सकेपछि विद्यमान दरमा यी सेवाहरु प्रयोग गर्न सक्नेछन्।

सुलभ दरमा गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता अनुरुप भ्वाइस र एसएमएस बन्डलिङ सहितको यो आकर्षक प्याक ल्याउन पाएकोमा कम्पनी हर्षित रहेको एनसेलले जनाएको छ।

एनसेलले गत पुष १६ देखि भ्वाइस प्याकको खरिदमा निःशुल्क नाइट एसएमएस पनि दिदै आएको छ। यो योजना अन्तर्गत ग्राहकले भ्वाइस प्याकको टक टाइम भोलुम बराबरको अन नेट नाइट एसएमएस पाउँदै आएका छन्।

यो योजना अन्तर्गत यदि ग्राहहले १२ मिनेट टक टाइम रहेको भ्वाइस प्याक सुचारु गरेको खण्डमा १२ वटा एसएमएस बोनस पाउँछन्। त्यसैगरी यदि ४२५ मिनेट टक टाइम रहेको मासिक भ्वाइस प्याकको खरिदमा ४२५ वटा एसएमएस बोनस एसएमएस पाउँछन्। यसको मतलब जति मिनेटको टक टाइम हो त्यतिनै वटा बोनस एसएमएस ग्राहकले पाउँछन्। ग्राहकको आवश्यकता अनुसारको सेवा प्रदान गर्न एनसेलले १२ मिनेट देखि ७२० मिनेट सम्म टक टाइम रहेको विभिन्न ११ भ्वाइस प्याकहरु प्रदान गर्दै आएको छ।

जि.स.का.स.द.नं.-११६ सहकारी ऐन, २०४८ अन्तर्गत स्थापित स्थायी लेखा नं. -३०२६०७०८८

**ग्लोबल बहुमुखी सहकारी संस्था लिमिटेड**

मुख्य कार्यालय
राजविराज-७, सप्तरी
फोन नं. : ०३१-५२१७५१
ईमेल : globalsahakari@gmail.com

पत्र संख्या :- ०७६/०७७
चलानी नं :- १५०

मिति :- २०७६/१२/९

श्री सम्पुर्ण शेयर सदस्यज्यूहरु
ग्लोबल बहुमुखी सहकारी संस्था लिमिटेड
राजविराज, सप्तरी

विषय : कारोवार बन्द रहने सम्बन्धि सूचना।

नेपाल सरकारको मिति २०७६।१२।५ को बैठकले कोभिड-१९ (कोरोना भाईरस) संक्रमण, रोकथाम तथा नियन्त्रणकालागि सार्वजनिक स्थलमा २५ जना भन्दा वढी मानिसहरु भेला नहुने लगायतका विभिन्न निर्णयहरु गरेको र सोही निर्णयलाई आधार मानि स्थानीय प्रशासनले समेत आज मिति २०७६।१२।९ गते कोभिड-१९ (कोरोना भाईरस) को जोखिमवाट रोकथाम र नियन्त्रणकालागि विभिन्न निर्णयहरु गरेको प्रति यस संस्थाको गम्भिर ध्यानाकर्षण भएको छ। यस संस्थामा जिल्ला भित्रका विभिन्न स्थानवाट अत्यधिक संख्यामा मानिसहरु आवत जावत हुने, भिडभाड हुने भएको र जोखिमका कारण असुरक्षित महसुस गरि कोभिड-१९ (कोरोना भाईरस) को जोखिमवाट वच्नकालागि यस संस्थाको मिति २०७६।१२।९ गते बसेको संचालक र लेखा सुपरिवेक्षण समितिको बैठकले अर्को सूचना जारी नभए सम्मकालागि सम्पुर्ण कारोवार वन्द गर्ने निर्णय गरेको हुंदा सम्पुर्ण सदस्यज्यूहरुका लागि यो सूचना जारी गरिएको छ। यस विपदको समयमा आ आफनै घरमा रही यसवाट वच्ने उपायहरु अवलम्वन गरि सुरक्षित रहन तथा नेपाल सरकारको निति निर्देशनको पालना गरि सहयोग गर्न सबै सदस्यज्यूहरुलाई अनुरोध गर्दछौं। यसवाट शेयर सदस्यज्यूहरुमा पर्न जाने असुविधाकालागि क्षमाप्रार्थी छौं। जय सहकारी।

बोधार्थ

१. राजविराज नगरपालिकाको कार्यालय, राजविराज, सप्तरी (जानकारी तथा सूचना टाँस गरिदिनु हुन)
२. जिल्ला प्रशासन कार्यालय, सप्तरी (जानकारी तथा सूचना टाँस गरिदिनु हुन)
३. जिल्ला प्रहरी कार्यालय, सप्तरी (जानकारी तथा सूचना टाँस गरिदिनु हुन)
४. जिल्ला जनस्वास्थ्य कार्यालय, सप्तरी (जानकारी तथा सूचना टाँस गरिदिनु हुन)
५. राष्ट्रिय सहकारी बैंक लि., राजविराज (जानकारी तथा सूचना टाँस गरिदिनु हुन)
६. जिल्ला समन्वय समितिको कार्यालय, सप्तरी (जानकारी तथा सूचना टाँस गरिदिनु हुन)
७. नेपाल पत्रकार महासंघ, जिल्ला शाखा, सप्तरी (जानकारी तथा सूचना टाँस गरिदिनु हुन)
८. ७ नं. वडाको कार्यालय, राजविराज नगरपालिका, सप्तरी (जानकारी तथा सूचना टाँस गरिदिनु हुन)
९. जिल्ला सहकारी संघ, सप्तरी।

भवदीय

सुखराम यादव
अध्यक्ष

## विश्व समाचार

# कोरोनाबाट १३ हजारको मृत्यु, संक्रमितको संख्या तीन लाख बढी

जेनेभा, ९ चैत (रासस/एएफपी)।

महामारीको रुप लिएको कोरोनाभाइरसको सङ्क्रमणबाट आइतबारसम्म विश्वभर १३ हजार ६९ जनाको मृत्यु भएको छ। विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार विश्वभर तीन लाख ८ हजार व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन्।

सङ्क्रमित व्यक्तिमध्ये ९५ हजार ८२९ जना उपचारपछि घर फर्किएका छन्। चीनको हुवे प्रान्तको उहान शहरबाट सुरु भएको कोभिड-१९ लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को संज्ञा दिएको छ।

हाल कोरोनाभाइरसका कारण अत्यन्त भयावह अवस्थाको सामना गरिरहेको इटालीमा चार हजार ८२५ जनाको मृत्यु भइसकेको छ। वृद्धयौली जनसङ्ख्या बढी रहेको इटालीमा दैनिक मृत्युदर निकै कहालीलाग्दो अवस्थामा रहेको छ। शनिबार एकै दिन इटालीमा ७९३ जनाको मृत्यु भएको थियो। हाल ४२ हजार ६८१ जना सङ्क्रमित रहेको इटालीमा ६ हजार व्यक्ति उपचारपछि घर फर्किएका छन्।

इटालीका प्रधानमन्त्री जिसेप कोन्टेले शनिबार राति टेलिभिजनबाट सम्बोधन गर्दै अत्यावश्यक बाहेकका सबै कलकारखाना बन्द गर्न आदेश दिनु भएको छ। करिब ६ करोड जनसंख्या रहेको इटालीमा कोरोनाभाइरसका कारण अहिले युरोपमै सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ।

कोरोनाभाइरस सङ्क्रमणबाट चीनभरी तीन हजार २६१ जनाको मृत्यु भएको छ भने ८१ हजार जना सङ्क्रमित भएका थिए। तर चीनमा ७२ हजार ४४० जना निको भएका थिए। चीनले अपनाएको उच्चतम सतर्कता, हुबे प्रान्तको राजधानी उहानसहित प्रान्तभर आवतजावतमा गरिएको प्रतिबन्ध, तत्काल उपचारसमेतका आपतकालीन व्यवस्थाले सङ्क्रमित व्यक्तिको मृत्युदर कम रहेको मानिएको छ।

मध्यपूर्वका राष्ट्रमध्ये इरानमा कोरोनाभाइरसको सङ्क्रमण सबैभन्दा डरलाग्दो अवस्थामा छ। यहाँ कोरोनाकै कारण एक हजार ५५६ व्यक्तिको मृत्यु भइसकेको छ भने ११ हजार ४१५ जना सङ्क्रमित रहेका छन्। सात हजार ६०० जना उपचारपछि घर फर्किएका बताइएको छ।

स्पेनमा कोरोनाभाइरसको सङ्क्रमणका कारण एक हजार ३८१ जनाको मृत्यु भएको छ। हाल २१ हजार ९९० जना सङ्क्रमित रहेका छन्। जर्मनीमा ८४ जनाको मृत्यु भएको छ भने २२ हजार सङ्क्रमित रहेका छन्।

संयुक्तराज्य अमेरिकामा ३४८ जनाको मृत्यु भएको छ। हाल अमेरिकामा २६ हजार सङ्क्रमित रहेका छन् भने १७८ जनाको उपचार गरिएको छ। फ्रान्समा ५६२ जनाको मृत्यु भएको छ। हाल १२ हजार ३०० भन्दा बढी व्यक्ति सङ्क्रमित रहेका छन्। दक्षिण कोरियामा १०४ जनाको मृत्यु भइसकेको छ भने ५ हजार ८८४ जनामा अझै पनि सङ्क्रमण छ।

कोरोनाभाइरस सङ्क्रमणका कारण स्वीजरल्याण्डमा ८० जना, बेलायतमा २३३ जना, नेदरल्याण्ड्समा १३६ जना, बेल्जियममा ६७ जना र जापानमा ३६ जनाको मृत्यु भएको छ।

भारतमा हालसम्म कम्तीमा ३३२ जनामा कोरोनाभाइरसको सङ्क्रमण देखिएको छ। छ जनाको मृत्यु भइसकेको भारतमा मोदी सरकारले आइतबार एक दिन "जनता कर्फ्यू" लागू गर्न र घरबाहिर ननिस्कन आह्वान गरेको छ। दक्षिण एसियाली अन्य मुलुक श्रीलङ्कामा ७७, अफगानिस्तानमा २४, बङ्गलादेशमा २४, माल्दिभ्समा १३ र भुटानमा दुई जना सङ्क्रमित देखिएका छन्।

विश्वका ३५ देशमा महामारी रोकथामका लागि भन्दै "लकडाउन" घोषणा गरिएको छ। एक अनुमान अनुसार लकडाउनकै कारण विश्वभर एक अर्बभन्दा बढी मानिस घरभित्रै बस्न बाध्य भएका छन्। उद्योग, व्यापार व्यवसाय र यात्राका कार्यक्रमहरु रोकिएका छन् भने धेरै मुलुकले आफ्ना सीमा बन्द गरेका छन्।

कोरानाभाइरसको त्रासका कारण अर्थव्यवस्थामा परेको असर) मगर्न सरकारहरुले अर्बौं डलरका आर्थिक राहतका कार्यक्रम घोषणा गरेका छन्।

# भारतमा एक दिने जनता कर्फ्यु

नयाँ दिल्ली, ९ चैत (रासस/सिन्ह्वा)।

भारतमा आइतबार जनता कर्फ्यु लागू गरिएको छ। विश्वभरी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसको सङ्क्रमण थप फैलिन नदिनका लागि भन्दै भारतमा आइतबार कर्फ्यु लगाइएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीको आह्वानमा भएको जनता कर्फ्यु १४ घण्टा मात्रै भएको अधिकारीहरुले जनाएका छन्। जनता कर्फ्युबाट एक अर्ब भन्दा धेरै मानिस प्रभावित भएको उनीहरुको भनाइ छ।

स्थानीय समय अनुसार बिहान ७ बजेदेखि बेलुका ९ बजेसम्म कर्फ्यु लागू हुने जनाइएको छ। सामाजिक सञ्जाल ट्वीटरमा प्रधामन्त्री मोदीले जनता कर्फ्युलाई पालना गर्न र कोरोना विरुद्धको लडाईमा एकजुट हुन आह्वान गर्नुभएको छ। उहाँले आइतबारका लागि जनता कर्फ्यु लगाउन अघिल्लो हप्ता नै आह्वान गर्नु भएको थियो। यो जनता कर्फ्युबाट भाइरस विरुद्ध लड्ने भारतीय क्षमता परीक्षण हुने उहाँको भनाइ छ।

जनता कर्फ्युमा सबै जनता आफ्नै घरभित्र बस्ने र बाहिर ननिस्कने व्यवस्था गरिएको छ। जनता कर्फ्युका कारण भारतमा आइतबार आवश्यक सामग्री बेच्ने बाहेक सबै पसल, यातायातका साधनलगायत बन्द भएका छन् भने बजार सुनसान रहेका छन्। भारतका कतिपय स्थानमा यसअघि नै लामो समयका लागि बन्द घोषणा गरिएको छ।

# सेभ द सप्तरीले ६ चरणमा हात धुन सिकायो



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

नोबेल कोरोना भाइरसको संक्रमणबाट जोगिन सेभ द सप्तरीले आइतबार ६ चरणमा हात धुने कार्यक्रमको आयोजना गरेको छ।

सेभ द चिल्ड्रेनको सहयोग तथा सेभ द सप्तरीले आयोजना गरेको हात धुने कार्यक्रममा नोबेल कोरोना भाइरसको संक्रमणबाट जोगिनका लागि सर्वसाधारणलाई हात धुन सिकाएको सेभ द सप्तरीका अध्यक्ष धुव्र प्रसाद देवले जानकारी दिएका छन् ।

राजविराजस्थित कुनौली रोड र सखडा रोडमा संस्थाका कर्मचारीहरुले आवत जावत गर्ने करिब ५ सय सर्वसाधारणलाई साबुन पानीबाट हाथ धुवाएको कृषि प्राबिधिक राम कुमार साहले बताए।

सो क्रममा सेभ द सप्तरीका कार्यक्रम संयोजक गोपाल प्रसाद चौधरी, फिल्ड अफिसर बिष्णुकान्त देव, ललिता मण्डल, कृषि प्राबिधिक राम कुमार साह, प्रोग्राम सुपर भाइजर मोनिका मिश्र, राजिव चौधरी, संतोष यादव लगायत संस्थाका कर्मचारीहरुले सहयोग गरेका थिए ।

# सचेतनासँगै वडा कार्यालयद्वारा मास्क वितरण



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

राजविराज नगरपालिका वडा नं. ४ कार्यालयले सर्वसाधारणलाई कोरोना भाइरसको संक्रमणबाट सचेत गराउन आइतबार मास्क वितरण गर्नुका साथै सेनिटाइजर तथा साबुन पानीले हात धुने बिधी सिकाएको छ ।

राजविराजस्थित मिनि मार्केट नजिकै सडकछेउमा कोरोना भाईरसको संक्रमणबाट बच्ने उपायबारे सचेतना कार्यक्रमका साथै करिब २ हजार सर्वसाधारणलाई मास्क र हात धुने सामग्री वितरण गरेको हो ।

वडाध्यक्ष मो. अख्तरअली बाबा, वडा सचिव ओम प्रकाश साह तथा स्वास्थ्यकर्मी लगायतले उनीहरुलाई सेनिटाइजर र साबुन पानीले हात धुन सिकाउँदै नियमित मास्क प्रयोग गर्न र भिडभाडमा नजान आग्रह समेत गरेका थिए ।

सो अवसरमा स्वास्थ्यकर्मीहरुले कोरोना रोगको लक्षण र बच्ने उपायबारे समेत सहभागीलाई सचेत गराएको थियो ।

# नेपाल सहकारीद्वारा मास्क बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

कोरोना भाइरसको संक्रमणबाट जोगिन नेपाल सहकारी संस्था लिमिटेड राजविराजले आइतबार आफ्ना ग्राहक तथा शेयरधनीलाई मास्क बितरण गरेको छ।

कोरोना भाइरसको संक्रमणबाट जोगिन संस्थाको कार्यालयमा आउने सम्पूर्ण ग्राहक तथा शेयरधनीहरुलाई मास्क प्रदान गर्नुका साथै सेनिटाइजरले हात धुआएर सचेत समेत गराएको छ।

संस्थाका व्यवस्थापक शंकर साहले कोरोना भाइरसको संक्रमणबाट बच्न र बचाउन सबैले अनिवार्य रुपमा मास्कको प्रयोगका साथै अल्कोहलरहित सेनिटाइजर वा साबुन पानी अनिवार्य रुपले हात धोएर सतर्कता अपनाउनु पर्ने बताए।

संस्थाद्वारा गर्ने सामाजिक उत्तरदायित्वको कार्य अन्तरगत मास्क वितरणका साथै सेनिटाइजरले हात धुन कार्य गराएको समेत उनले बताए ।


**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ .व.२०७७ मा ७४/१००(एक सय (दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ । यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस् ।

**सम्पर्क**
स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी
(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)
फोन नं.– ०३१-५२१७९३, मो.-९८५२८२११९३
९८०११५२१७९३

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*